DOI: https://doi.org/10.3126/dristikon.v12i1.46141 

# आञ्चलिकताको प्रतिबिम्बनमा *ऐना* कथा सङ्ग्रह

**सीता अधिकारी थापा**

उपप्राध्यापक

नेपाली विभाग

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: *adhikari.sitath@gmail.com*

**लेखसार**

प्रस्तुत लेख 'ऐना' कथासङ्ग्रहका कथाका आञ्चलिकतामा केन्द्रित रहेको छ । सामाजिक यथार्थवादी प्रवृत्तिकै निकट रहेर साहित्य समालोचनाको उत्तरवर्ती प्रवृत्तिका रूपमा नेपाली साहित्यमा पनि आञ्चलिकताले विस्तारित स्वरूप प्राप्त गरेको छ । यस लेखमा कृतिभित्रका कथाहरूको सोद्देश्यमूलक छनौट गरी तिनले प्रतिबिम्बन गरेका आञ्चलिकताको स्वरूपलाई विविध शोध्य समस्यामाथि केन्द्रित रहेर विश्लेषणात्मक ढाँचामा प्राज्ञिक समाधान गर्ने उद्देश्य रहेको छ । यसका निम्ति पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरी तिनलाई आञ्चलिकताको सैद्धान्तिक पर्याधारमा रहेर सूक्ष्म पठनपद्धतिबाट गुणात्मक अध्ययन ढाँचाले व्याख्याविश्लेषणात्मक विधिमा कथाहरूको मूल्याङ्कन गरिएको छ । प्रस्तुत अध्ययनले कृतिभित्रका चयनित कथाहरूमा प्रयुक्त विषयवस्तु, पात्र, परिवेश, भाषा आदिजस्ता आञ्चलिकताका केही मानकहरूका आधारमा विश्लेषण गर्दा कथाहरूले तत्स्थानिक क्षेत्रका जनजीवनसम्बद्ध आञ्चलिकताको मूल भावलाई संवहन गर्न सक्षम रहेको यस लेखको निष्कर्ष रहेको छ ।

*शब्दकुञ्जी :* लोकजीवन, अन्तर्वस्तु, परिवेश, आञ्चलिक, स्थानीयता, पर्यावरण

## विषय-परिचय

कथाकार रामलाल जोशीको 'ऐना' कथा सङ्ग्रहका कथाहरूमा आञ्चलिकताको सशक्त प्रयोग भएको छ । वि.सं. २०७२ सालमा प्रकाशित २० वटा कथाहरूको सँगालो 'ऐना' सोही सालको प्रतिष्ठित मदन पुरस्कार प्राप्त गर्न सफल कृति हो । छोटो समयमा नै अनेकौं संस्करणहरू छापिएको तथा नेपालीबाहेक असमिया भाषामा समेत अनुदित यस कृतिले प्राप्त गरेको लोकप्रियता तथा नवीन शिल्पशैलीको प्रयोगले यो कथासङ्ग्रह आधुनिक नेपाली कथासाहित्यमा नवीनतम उपलब्धि रहेको छ । सामाजिक यथार्थवादी प्रवृत्तिका कथामा आफूले प्रत्यक्ष निरीक्षण गरेको समाज र जीवनका अनुभव, अनुभूतिका सापेक्षतामा समसामयिक आञ्चलिक विषयको उठान गर्दै त्यसका अन्तर्यलाई प्रस्तुत गरिएको छ । समकालीन आख्यान साहित्यमा सुदूरपश्चिमको प्रतिनिधित्व गर्ने कथासङ्ग्रहले त्यहाँको सामाजिक, प्राकृतिक एवम् स्थानीय जनजीवनका भाषिक विविधता, सांस्कृतिक विशिष्टता तथा मनोभावनाका साथै भौगोलिक परिवेशको जटिल यथार्थलाई मार्मिक विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ । यिनै स्थानिक, भाषिक तथा विविधतामय सांस्कृतिक पर्यावरणको जीवन्त चित्र प्रस्तुत गर्न सक्षम भएकाले यस कथासङ्ग्रहले नेपाली साहित्यमा आञ्चलिकताको प्रतिनिधित्व गरेको छ ।

'अञ्चल' नाम पदबाट निर्मित आञ्चलिक विशेषण शब्दमा 'ता' प्रत्यय लगाउँदा आञ्चलिकता भाववाचक शब्दको निर्माण भएको छ । सामान्य अर्थमा अञ्चलले कुनै भौगोलिक क्षेत्र वा स्थानविशेष आदिलाई

सङ्केत गर्ने तथा आञ्चलिकताले त्यस क्षेत्रका विभिन्न विशेषताहरूका बारेमा जनाउँदछ । साहित्यिक प्रयोगमा यसको लाक्षणिक अर्थ कुनै निश्चित क्षेत्र विशेषमा केन्द्रित रहेर त्यहाँको प्राकृतिक, सामाजिक तथा सांस्कृतिक मौलिकता एवम् विशेषता उजागर गर्ने प्रवृत्ति, सिद्धान्त वा मान्यतालाई आञ्चलिकता भनिन्छ । आञ्चलिकताका अभिलक्षणहरू, विविध मानक प्रवृत्तिहरूलाई प्रचूर आत्मसात् गरेको ऐना कथासङ्ग्रहका कथाले सुदूरपश्चिम नेपालको माटोको सुगन्ध, सेती-कर्णाली र महाकालीक्षेत्रका स्थानीय जातजाति, भाषा, भूगोल, प्राकृतिक पर्यावरण, संस्कृति, पारिवारिक विखण्डन र मूल्यमान्यताका विचलन, भोक, रोग र शोकका कथाव्यथा, गरिबीका कारण विदेसिने अधिकांश युवा पिंढीका विवशता, जातीय विभेद र उत्पीडनका सुस्केरा, लैङ्गिक यौनिक हिंसाका साथै वियोग वेदनाजन्य परिवेशका कारूणिक चित्र उतारेका छन् । अतः त्यहाँको सामाजिक जनजीवनका छिपेका अनेकन् अदृश्य पाटाहरूलाई उत्खनन गर्दै जनजीवनको भूत र वर्तमानको यथार्थ प्रतिबिम्ब उतारेको हुनाले नै यो कथासङ्ग्रह आञ्चलिकताको ऐना पनि बनेको छ । अशिक्षा, गरिबी, भौगोलिक विकटता, सामाजिक-सांस्कृतिक निर्मितिका विभेदजन्य व्यवहार आदिका कारणबाट केन्द्रदेखि हरेक क्षेत्रमा सीमान्तीय बनेको सुदूरपश्चिमको अनेकौं दर्दनाक कहानी बोकेको ऐना आञ्चलिक साहित्यको विशिष्ट प्राप्तिको रूपमा आएको छ । त्यसैले यस सङ्ग्रहभित्र रहेका कथाहरूको आञ्चलिकताका दृष्टिकोणबाट अध्ययनीय विषय रहेको छ ।

आञ्चलिकता केन्द्रको सीमाभन्दा पर रहेका क्षेत्रीय, सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक तथा अन्य सम्बन्धहरूलाई हेर्ने सैद्धान्तिक वा व्यावहारिक अवधारणा पनि हो । यसले राजनीतिक विचारधाराको रूपमा पनि स्वायत्त देखिने प्रशासनिक विभाजन, स्थानीय पहिचान, भाषा, धर्म, संस्कृति तथा अन्य विविधताको समष्टिलाई पनि जनाउँछ । साहित्यका विविध विधाका माध्यमबाट अभिव्यक्त हुने आञ्चलिकताको उद्देश्य त्यस क्षेत्रविशेष र समुदायका समस्या वा अवस्थालाई पहिचान र उजागर गर्ने रहेको पाइन्छ । आञ्चलिकता लोकजीवनका अनेक पाटा र लोकतत्त्वसँग प्रत्यक्ष रूपमा जोडिएर यसले निश्चित क्षेत्रविशेषसँग सम्बद्ध भएर त्यहाँको मौलिक लोकसंस्कृतिका समग्रतालाई समेटेको हुन्छ र तिनै पक्षहरू लेखकीय कौशलद्वारा साहित्यिक रूपमा कलात्मक अभिव्यक्ति भएर आउँदा आञ्चलिकता हुन्छ । यस लेखमा 'ऐना' सङ्ग्रहका कथाहरूको आञ्चलिकता मान्यतामा आधारित रहेर पाठकेन्द्री सूक्ष्म पठन पद्धतिको प्रयोग गर्दै व्याख्या विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

**समस्याकथन र उद्देश्य**

आधुनिक नेपाली कथामा आञ्चलिकताको प्रयोग अध्ययनीय विषय रहेको छ । प्रस्तुत लेखको प्रमुख शोधसमस्याको रूपमा 'ऐना' कथासङ्ग्रहका कथाहरूमा आञ्चलिकताको प्रयोग रहेको छ भने यसै विषयसम्बद्ध भएर निम्न शोध्य प्रश्नहरू रहेका छन् :

क. 'ऐना' सङ्ग्रहका कथाहरूमा आञ्चलिकताका केकस्ता अभिलक्षणहरू रहेका छन् ?
ख. कथाका अन्तर्वस्तु र नामकरणमा आञ्चलिकताको प्रयोग कसरी भएको छ ?
ग. परिवेश चित्रण र भाषिक प्रयोगमा आञ्चलिकताको दृष्टिले कथाहरू किन महत्त्वपूर्ण छन् ?

उपर्युक्त शोधसमस्यामा उठाइएका शोध्य प्रश्नहरूको 'ऐना' कथासङ्ग्रहका कथाहरूमा केन्द्रित भएर तिनको प्राज्ञिक समाधान खोज्ने यस लेखका उद्देश्यहरू यसप्रकार छन् :

क. ऐना कथासङ्ग्रहका कथाहरूमा प्रयुक्त आञ्चलिकताका अभिलक्षणहरूको समीक्षा गर्नु,
ख. आञ्चलिकताको मान्यता अन्तर्वस्तु र नामकरणका आधारमा कथाहरूको विश्लेषण गर्नु र
ग. कथामा प्रयुक्त परिवेश चित्रण र भाषिक प्रयोगको मूल्याङ्कन गर्नु ।

**पूर्वकार्यको समीक्षा**

कथाकार रामलाल जोशीको ऐना कथासङ्ग्रह नेपाली साहित्यमा विशेष चर्चामा रहेको कृति हो । देशभित्रैको भूगोल भएर पनि विविध कारणले पिछडिएको सुदूरको सीमान्तकृत आवाज केन्द्रलाई सुनाउने दरिलो माध्यमका रूपमा मोफसलबाट आएको यस कथासङ्ग्रहले प्रकाशित भएकै सालमा मदन पुरस्कार प्राप्त गर्नु पनि यसले चयन गरेका आञ्चलिक तर सार्वभौम समसामयिक विषयवस्तु एवम् सशक्त लेखनीको सफलता हो । ऐना कथासङ्ग्रहको परिचर्चा गर्दै पुस्तकको प्रारम्भमा समेटिएका विभिन्न व्यक्तित्वहरूका विचारहरूले समष्टिगत रूपमा यसको आञ्चलिक चरित्रमाथि प्रकाश पारेका छन् । यस कथासङ्ग्रहको सम्बन्धमा महादेव अवस्थीद्वारा अभिव्यक्त विचार यसप्रकार छ : “सेती, काली र कर्णालीका तीरैतीर तथा पश्चिम तराईका फाँटहरूको जनजीवनलाई सशक्त र घतलाग्दो किसिमले चित्रण गरिएको ऐनामा देखिएका स्थानान्तरण, चरित्रान्तरण, विचारान्तरण र अधिआख्यानको शिल्पगत प्रवृत्तिले रामलाल जोशीलाई आधुनिक नेपाली कथाको मूल प्रवाहमा उभ्याइदिएको छ ।” उपर्युक्त विचारले स्थान/भूगोल, चरित्रचित्रण, कथाका अन्तर्वस्तु वा भावपक्ष र शिल्प आदिले ऐना कथासङ्ग्रहका कथाहरूमा अभिव्यञ्जित आञ्चलिकताको मर्मलाई निकै राम्रोसँग समेटेको पाइन्छ । ‘ऐना’ केन्द्रबाहिरको परिवेशबाट नेपाली कथाको मूलप्रवाहमा आएको सशक्त कृतिका रूपमा स्वीकार्दै यसको वस्तुपक्ष र शिल्पकलाको बारेमा पनि व्यापक चर्चा भएको पाइन्छ । यस सन्दर्भमा माधव घिमिरे (२०७६) ले रामलाल जोशीको ऐनामा सुदूर पश्चिमेली माटाको सुगन्ध तथा त्यहाँको भाषा, संस्कृति र सामाजिक जनजीवन टल्किएको छ भनेर यस कृतिको आञ्चलिक विशेषताका बारेमा सङ्केत गरेका छन् । यसै क्रममा *धनगढी पोस्टमा* ठाकुरप्रसाद ढुङ्गेल (२०७३) ले ऐनालाई सङ्घर्षशील सुदूर पश्चिमेली समाज, पात्र, घटना र जनजीवनको वास्तविक ऐना मानेका छन् । समाज र जीवनको प्रतिबिम्ब उतार्ने माध्यमका रूपमा परिचित यस कथासङ्ग्रहको विविध पक्षमाथि प्रकाश पार्दै “रामलाल जोशीको ऐनाः सुदूरको आवाज” शीर्षकमा यज्ञराज जोशी (२०७३) ले सुदूरको भूगोल, सामाजिक परिवेश, डोटेली एवम् थारू समुदायको लोकसंस्कृतिका साथै डोटेली र थारू समुदायका समस्याहरूलाई ऐनामा रोचक ढङ्गबाट यथार्थपरक रूपमा प्रस्तुत भएको अभिव्यक्ति दिएका छन् । नेपाल साप्ताहिकमा “सुदूरका सुस्केरा” शीर्षकमा प्रस्तुत राजकुमार बानियाँ (२०७३) का विचारमा ऐनामा सुदूरका सुस्केरा र सुसेली छन् जसले एक्लिदै गएका मानिसका सन्ताप, सशस्त्र द्वन्द्वका बाछिटा, स्खलित हुँदै गएका मानवीय मूल्य अनि कहिल्यै नरित्तिने मातृत्वका महासागर छन् । ऐनाले जसरी वस्तुका यथार्थको प्रतिबिम्बलाई दुरूस्तै उतारेको हुन्छ त्यसरी नै प्रस्तुत कथासङग्रहका कथाले सम्बन्धित क्षेत्रका समसामयिक चित्र सर्लक्क उतारेका छन् भनी अधिकांशले कृतिका आञ्चलिक अभिलक्षणका बारेमा टिप्पणी रहेको छ । यही सन्दर्भमा “ऐनाका अँध्यारा अनुहार” शीर्षकमा अन्नपूर्ण पोस्ट दैनिकका शिवराज योगी(२०७३)ले ऐना कथासङ्ग्रह भोक, शोक र वियोगको कथा, अवहेलना, उपेक्षा अनि मेरै समाज र लोकको कथालाई देखाइएको ऐना भनी विचार प्रकट गरेका छन् । साहित्यको आञ्चलिकताका सम्बन्धमा गहन अध्ययन गर्ने धनप्रसाद सुवेदी (२०७७)ले पछिल्लो समय कथा लेखनमा सक्रिय रामलाल जोशीका कथामा सुदूर पश्चिम क्षेत्रको आञ्चलिक विशिष्टताको चित्रण पाइने विचार अभिव्यक्त गरेका छन् ।

उपर्युक्त अभिमतबाट ऐना कथासङ्ग्रहमा आञ्चलिकताका प्रवृत्तिहरू स्पष्ट रूपमा प्रयोग भएका देखिन्छन् । घिमिरे, ढुङ्गेल, जोशी, योगी, सुवेदीका उक्त विचारहरू हेर्दा के कुरामा समानता पाइन्छ भने ऐना कथासङ्ग्रहका कथाले सुदूर पश्चिमको भूगोल विशेष, समाजको प्रतिनिधित्व, त्यहाँका सीमान्तीय जनजीवनका कथाव्यथा, पहिचान, भाषा-संस्कृतिका साथै सामाजिक, आर्थिक परिवेशको चित्र उतारेका छन् भन्नेमा सबैको

मतैक्य रहेको छ । उक्त विचारहरू सैद्धान्तिक आधारमा गरिएको अध्ययन नभई कथासङ्ग्रहको समग्रतामा गरिएको अध्ययनको टिप्पणीमूलक धारणा मात्र हुन् तर यसबाट आञ्चलिकताका बारेमा केही अभिलक्षणको जानकारी भए पनि यसका आधारमा कृतिका कथाहरूको विस्तृत अध्ययन गरिएको छैन भन्ने पनि प्रष्ट हुन्छ । त्यसैले यिनै पूर्वकार्यहरूको अध्ययनबाट निस्किएको निचोडका आधारमा यस अध्ययनमा ऐना कथासङ्ग्रहका कथाहरूले प्रतिबिम्बन गरेको आञ्चलिकताको विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार : आञ्चलिकता**

साहित्यिक रचनाकृतिको विश्लेषण मूल्याङ्कन गर्ने एउटा सैद्धान्तिक आधार आञ्चलिकता हो । आञ्चलिकता क्षेत्रीयता वा प्रादेशिकताको अवधारणामा विकास र राजनीतिसँग बढी निकट विषय रहे तापनि विषयवस्तुका दृष्टिले साहित्यसँग यो आरम्भदेखि नै अन्योन्याश्रित विषय हो । अठारौँ शताब्दीको आरम्भदेखि पाश्चात्य साहित्यमा आञ्चलिकताको चेतना उपयोग गरिएको पाइए पनि सैद्धान्तिक रूपमा यसको विकास बीसौँ शताब्दीमा भएको हो । यसरी आञ्चलिक चेतना भएका रचनाहरूमा मेरिया एजवर्थ, सर वाल्टर स्कट, थोमस हार्डी, विलियम फकनर आदिका उपन्यासहरूलाई लिन सकिन्छ भने समालोचनामा प्रयोग मार्कट्वेनले अर्नेस्ट हेमिङ्ग्वेका उपन्यासको अध्ययन यसै आधारमा गरेका थिए । आञ्चलिकताले साहित्यिक विधामा सचेत प्रयुक्ति एवम् विस्तारका क्रममा पछिल्लो समयमा अन्तरविषयक्षेत्र तथा अन्तरअनुशासनात्मक पद्धतिलाई समेटेको देखिन्छ । साहित्यमा आञ्चलिकतालाई अथ्याउने सन्दर्भमा यसलाई विभिन्न तरिकाबाट व्याख्या विश्लेषण गरिएको पाइन्छ । यसलाई इन्साइक्लोपिडिया अमेरिकानाले 'आञ्चलिक साहित्य' पारिभाषिक शब्दको प्रयोग विभिन्न प्रकारका साहित्यिक रचना तथा आन्दोलनका सम्बन्धका आधारमा गर्ने जनाउँदै मानवीय जीवनका अभिन्न पर्यावरणीय चक्र तथा विशिष्ट गुणहरूको यथार्थताका साथै कुनै निश्चित स्थानका जीवनशैली अभिव्यक्त गर्ने सांस्कृतिक, भौगोलिक इतिहासका रूपमा प्रस्तुत गरेको छ (५७१)। साहित्यिक क्षेत्रमा आञ्चलिकता आन्दोलनलाई स्वच्छन्दतावादी आन्दोलनको विश्वव्यापी प्रभावको प्रतिफल मान्दै रामदयाल राकेश २०५५)ले आञ्चलिक साहित्यका बारेमा यसरी लेखेका छन् :

> आञ्चलिकतामा सम्पूर्ण सामाजिक र सांस्कृतिक परिवेशको कलेबर समाविष्ट भएको हुन्छ । यसमा स्थानीय परिवेश र लोकतत्त्वको सहज निर्वाह भएको हुन्छ । यसमा लोकसंस्कृतिका सम्पूर्ण समवाय समाहित भएको हुन्छ । स्थानविशेषमा प्रचलित लोककथा, लोकगीत, लोकोक्ति, उखान टुक्का आदिको अङ्कन त्यहाँको साहित्यमा हुनु आञ्चलिकता हो । लोकभाका, लोकगीत, लोकसङ्गीत, लोकनृत्य आदिको प्रयोग गरेर चित्रमय बिम्ब उतार्नु आञ्चलिक साहित्यकारको सरोकारको विषय हो । (८०)

उपर्युक्त अध्ययनले आञ्चलिकता भूमिको सीमा मात्र नभएर मानवीय व्यवहारका स्थानीय रङसँग जोडिएको पहिचान भएको बुझाउँछ । कुनै स्थानीय जनजीवनका विशेष स्थान वा क्षेत्र विशेषको भन्ने सन्दर्भमा बुझिने आञ्चलिकतालाई अङ्ग्रेजीमा रिजनल वा स्पासियल भन्ने विभिन्न रूपमा परिभाषित गर्दै अर्थ्याइएको पाइन्छ । यस सन्दर्भमा नेपाली साहित्यकोशमा रामदयाल राकेशद्वारा जे.टी.सिप्लेको आञ्चलिकतासम्बन्धी परिभाषालाई उद्धृत गर्दै आञ्चलिकता भनेको लेखकको आफ्नो कृतिको एक अञ्चलविशेषको आधारभूमिमाथि निर्मित गर्ने तथा त्यहाँका बासिन्दाहरूको जीवन र भविष्यलाई विस्तारको साथ चित्रित गर्ने लेखकीय प्रवृत्तिका रूपमा प्रष्ट्याइएको छ (राकेश, २०५५ : ७८)। स्थानीय जनजीवनका अन्तर्बाह्य विविध पक्ष वा प्रान्त विशेषसित सम्बद्ध एवं आबद्ध भएर लेख्ने प्रवृत्तिलाई नै आञ्चलिकताको रूपमा व्याख्या गरिनुका साथै आञ्चलिकतामा निश्चित क्षेत्र वा समुदायलाई समेटिएको पाइन्छ । आञ्चलिकता बहुविषयक अवधारणाका रूपमा विकसित भएको

तथा समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, साहित्य, कला आदि ज्ञानविज्ञानका विविध क्षेत्रमा प्रचलित मान्यता वा सिद्धान्त पनि हो (सुवेदी, २०७७) । यस विचारले आञ्चलिकता भनेको बहुविषयात्मक वा अन्तर्विषयको संमिश्रित अवधारणा पनि हो ।

नेपालजस्तो बहुलतामा आधारित समाज, भाषा-संस्कृति, प्राकृतिक भूगोल तथा जनजीवनका विविध पक्षहरू साहित्यमा स्थानीयताको रूपमा प्रतिबिम्बित भएका हुन्छन् तापनि स्थानीयताको रङ हुने बित्तिकै सबै साहित्यलाई आञ्चलिक साहित्य मान्न सकिन्न । हरेक अञ्चल विशेषका निश्चित पहिचान दिने विशेषताहरू रहने भएकाले तिनको समाविष्टी साहित्यमा पनि हुन्छ । यस सन्दर्भमा नेपालीमा आञ्चलिक साहित्यको सिर्जनात्मक एवं समालोचनात्मक प्रभाव निरन्तर बढ्दै गएको पाइन्छ । आख्यान, कविता, नाटक र निबन्ध विधाले आञ्चलिकतालाई बहन गरे पनि नेपाली साहित्यका मूलतः आख्यान विधाले आञ्चलिकतालाई प्रभावकारी रूपमा प्रस्तुत गरेको पाइन्छ भने शङ्कर कोइरालाको "खैरिनी घाट" लाई पहिलो नेपाली आञ्चलिक उपन्यास मानिन्छ । उत्तरवर्ती साहित्यका विविध विधामा पनि आञ्चलिकतालाई पहिचानका प्रवृत्तिको रूपमा व्यापक प्रयोग गरिएकाले यो उत्तरवर्ती बहुल सैद्धान्तिक पर्याधारमा रहेर अध्ययन गर्न सकिने विशद विषय पनि हो । आञ्चलिकतासँग सम्बद्ध आञ्चलिक साहित्य/कथाको चिनारी दिने सन्दर्भमा लक्ष्मणप्रसाद गौतम(२०७४) ले लेखेका छन् :

> निश्चित अञ्चल, प्रदेश, क्षेत्र वा स्थानविशेषका रीतिस्थिति, आचारविचार, जनजीवन वा जीवनशैली, वेषभूषा, संस्कार, संस्कृति, भौगोलिकता, भाषा, जाति र जनजातिहरूका निजी वा मौलिक चालचलन एवम् यससँग गाँसिएर आएका सामाजिक सांस्कृतिक सन्दर्भ आदिको प्रतिबिम्बन साहित्यमा/कथामा हुनु त्यो साहित्य/कथा आञ्चलिक हुनु हो र यस्तो प्रतिबिम्बन भएको साहित्य/कथालाई आञ्चलिक साहित्य/कथा भनिन्छ ।

उपर्युक्त उद्धरणबाट आञ्चलिक कथालाई पहिचान गर्ने विभिन्न आधारहरूको स्पष्ट किटान भएको छ । निश्चित स्थानिक भूगोलमा केन्द्रित रहेको साहित्य आञ्चलिक हो र यसमा विभिन्न जातजाति, जीवनशैली, भाषा-संस्कृति, मौलिक विधिव्यवहारका झलक, संस्कारसम्बद्ध हरेक पक्षहरूको प्रयुक्ति हुने भएकाले स्थानीय रङ र पहिचान निकट रहेका हुन्छन् । साहित्यिक लेखनका सन्दर्भमा 'आञ्चलिकता सामाजिक यथार्थवादी कथालेखनको प्रवृत्ति हो' (कोइराला २८४) । पहिले स्वच्छन्दतावादी आन्दोलनबाट प्रभावित रहेको आञ्चलिक साहित्य पछिल्लो चरणमा सांस्कृतिक अध्ययनका बहुल मान्यतासँग जोडिएकाले पनि यसको बहुविषयात्मक र अन्तरअनुशासनात्मक अध्ययन विश्लेषण आवश्यक छ । बहुलवादी समाजका ओझेलमा परेका बहुमुखी विषय, चरित्र र जीवनचेतनालाई आञ्चलिकताले सिर्जनात्मक माध्यमबाट मूल प्रवाहमा ल्याउन मद्दत पुऱ्याउँछ । त्यसैले आञ्चलिक रचनाका कथाको अन्तर्वस्तु, तिनमा प्रयुक्त भएका स्थान तथा पात्रविधान/नामकरण, आन्तरिक-बाह्य परिवेश चित्रण तथा भाषिक प्रयोगमा आञ्चलिकताको प्रयोग केकसरी भएको छ भन्ने आधारमा विश्लेषण गरिन्छ । यसमा साहित्यशास्त्रीय विधासिद्धान्तका संरचनात्मक तत्त्वका आधारमा ऐना संग्रहमा सङ्कलित कथाहरूको आञ्चलिक प्रवृत्तिलाई व्याख्या-वर्णनात्मक पद्धतिअनुसार पाठपरक विश्लेषण गर्दै त्यसको मूल्य समीक्षा गरिएको छ ।

## शोधविधि तथा सामग्री

प्रस्तुत लेखका लागि आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतहरूबाट सङ्कलन गरिएको छ । कथाकार रामलाल जोशीको ऐना कथासङ्ग्रहलाई प्राथमिक स्रोत सामग्रीका रूपमा रहेको छ भने आञ्चलिकताको सैद्धान्तिक अवधारणा र प्रायोगिकतासँग सम्बन्धित विभिन्न पुस्तक, पत्रपत्रिका तथा प्राज्ञिक लेखलाई द्वितीयक

सामग्रीका रूपमा पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । गुणात्मक पद्धतिद्वारा सङ्कलित सामग्रीलाई आञ्चलिकताका आधारमा पाठकेन्द्री व्याख्यात्मक विश्लेषणात्मक विधिको प्रयोग गरेर लेखको निष्कर्ष निकालिएको छ ।

## परिणाम तथा छलफल

आधुनिक नेपाली साहित्यको आरम्भदेखि हालसम्मको अवस्थामा सिर्जित साहित्यिक विधाहरूले विभिन्न प्रवृत्तिहरू अँगालेका छन् । विषयवस्तुगत, विचारधारा तथा शिल्पशैलीगत रूपमा तिनमा पाइने अभिलक्षणका आधारमा साहित्यको वर्गीकरण हुँदै आएको सन्दर्भमा साहित्यमा आञ्चलिकता पनि महत्त्वपूर्ण प्रवृत्तिका रूपमा विकसित भएको पाइन्छ । यस अध्ययनमा ऐना सङ्ग्रहका कथाहरूमा आञ्चलिकताको प्रयोगसँग सम्बद्ध रहेर तिनको विश्लेषण गरिएको छ ।

### नेपाली कथामा आञ्चलिकताको स्वरूप र अभिलक्षण

आख्यान साहित्यको अत्यन्त लोकप्रिय विधा कथाको आफ्नै विधागत स्वरूप रहेको छ । गद्य साहित्यको अख्यानात्मक विधा कथा एक बसाइमा पढी सकिने संरचना पनि हो । आधुनिक नेपाली कथाको प्रारम्भ वि.सं १९९२ मा गुरुप्रसाद मैनालीको 'नासो' कथाबाट भएसँगै यसमा विभिन्न प्रवृत्तिगत विशेषताहरू देखिँदै आएका छन् । विषयवस्तुगत, विचारधारागत र शिल्पशैलीगत आदि आधारमा वर्गीकृत नेपाली कथालाई आदर्शोन्मुख/सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, प्रगतिवादी, प्रयोगवादी तथा नवचेतनाका साथै समसामयिक अन्य विविध प्रवृत्तिका कथाबाट नेपाली कथासाहित्य अभिप्रेरित हुँदै गएको छ । कथाका उपकरणहरूका आधारमा कथालाई घटनाप्रधान, चरित्रप्रधान र वातावरणप्रधान कथामा वर्गीकरण गर्दै मोहनराज शर्माले वातावरणप्रधान कथाका पनि आञ्चलिक कथा र स्थानीय रङका कथा उपभेदहरू देखाएका छन् (१२) । यसबाट आञ्चलिकता मूलतः परिवेशसँग सम्बद्ध हुन्छ र त्यसमा पनि स्थानिक परिवेश आञ्चलिक कथाको मूल आधार क्षेत्र हो भन्ने देखिन्छ ।

आधुनिक नेपाली कथाको पूर्ववर्ती र उत्तरवर्ती दुवै चरणका कथामा आञ्चलिकताका विविध स्वरूप देखिन्छन् । आधुनिक कालको प्रथम चरणदेखिकै कथाहरू स्थानीय जनजीवनका विविधतालाई आधार बनाएर लेखिएका भए पनि विशेषतः आञ्चलिक कथा प्रयोगवादी कथाका विपरीत एउटा प्रवृत्तिका रूपमा उत्तरवर्ती चरणमा व्यापक विकसित भएको पाइन्छ । लक्ष्मण गौतम(२०७४)ले गुरुप्रसाद मैनाली र विश्वेश्वरप्रसाद कोइरालाका कथाका साथै भिक्षुदेखि गोठाले, विजय मल्ल, भीमनिधि तिवारी, रमेश विकल, शङ्कर कोइराला, इन्द्रबहादुर राई, ध्रुवचन्द्र गौतम, मनु ब्राजाकी, इस्माली लगायत पूर्ववर्ती र उत्तरवर्ती चरणका विभिन्न कथाकारहरूका कथामा आञ्चलिकताका अभिलक्षणहरू प्रशस्त पाइन्छन् भन्ने चर्चा गरेका छन् । निश्चित भूगोल, क्षेत्र वा स्थानविशेषका घटना, चरित्र र परिवेशका साथै तीसँग सम्बद्ध भएर अनेक मानवीय पक्षहरू कथासाहित्यमा धेरथोर रूपमा स्वतः आएका हुन्छन् । यसै सन्दर्भमा पूर्ववर्ती र उत्तरवर्ती आञ्चलिक कथाहरूमा रहेका तत्त्वहरूका आधारमा आञ्चलिकताको अध्ययन सहज हुन्छ । तिनमा आञ्चलिक स्थानिक परिवेशको वर्णन र चित्रण, विशेषतः पहाडिया, तराईली र उपत्यकाली परिवेशका जीवनशैलीको चित्रण, भाषिक प्रयोग र मूलतः पात्रको संवादमा स्थानीय/जातीय भाषाभाषिकाको प्रयोग, स्थानीय संस्कार, संस्कृति, रहनसहन र त्यहाँका मौलिक स्थिति तथा जातीय संस्कृतिको चित्रण आदिको उल्लेख्य मानिन्छन् । आञ्चलिक कथामा मूलतः केन्द्रबाहिर रहेका सीमान्तीय स्थान र जनजीवनका समस्यालाई समग्रतामा समेटेर पहिचानको खोजीको प्रयास गरिएको हुन्छ । ग्रामीण स्थानीय

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46141


जनजीवनका विपन्नता, चरम अभाव, पीडा, जीवनसङ्घर्ष, दुःखदर्द आदिलाई अभिव्यञ्जित गर्दै सामाजिक आचारविचार, संस्कार, रीतिथिति आदिसमेत प्रस्तुत समकालीन नेपाली आञ्चलिक कथाका लहरमा कथाकार रामलाल जोशीको ऐना कथासङ्ग्रहका कथाहरू आञ्चलिक विशेषतासहित आएका छन् । समकालीन नेपाली कथाको मूल प्रवृत्तिको रूपमा रहेको आञ्चलिकता विशेषतः सामाजिक यथार्थवादी प्रवृत्तिका कथामा बढी पाइन्छ तापनि अन्य प्रवृत्तिका कथाहरूमा पनि यो आञ्चलिक प्रवृत्ति कतै केन्द्रीय र कतै परिधीय रूपमा आएको हुन्छ । 'ऐना' कथासङ्ग्रहका कथाहरूले सुदूरपश्चिम क्षेत्रका यस्तै विविधतापूर्ण स्थानिक प्रवृत्तिहरूको प्रतिनिधित्वपूर्ण प्रस्तुति गरेका हुनाले ती आञ्चलिकताका आधारमा अध्ययनीय छन् ।

कथाकार जोशीको ऐना सङ्ग्रहमा सङ्कलित रहेका अधिकांश कथामा आञ्चलिकता प्रबल रूपमा रहेको छ । आञ्चलिक साहित्यमा पर्यावरणको प्रधानता, लोक जनजीवन र संस्कृतिको उद्घाटन, चरित्रमा स्थानीयताको छाप, जन/लोक बोलीको प्रयोग, सार्वजनीनता तथा जीवनबोध र लेखकीय सहानुभूति आदिजस्ता अन्तर्वस्तुगत विशेषताहरू अपरिहार्य रहेका हुन्छन् । प्रस्तुत सङ्ग्रहका कथाहरूमा स्थानीय रङका पात्रहरू, भौगोलिक पर्यावरण, मौलिक वेशभूषा, भाषिक विशिष्टता, सामाजिक विविधता, ऐतिहासिक स्थिति, आर्थिक तथा राजनीतिक अवस्था, मनोभावना एवं सौन्दर्यात्मक मूल्यमान्यताका विशिष्टता आदि पनि आञ्चलिक साहित्यका जीवन्त अभिलक्षण रहेका छन् । 'ऐना' कथासङ्ग्रहमा रहेका सेतीको सुस्केरा, कालीको गीत, पापीघाट, खुटियाको काख आदि कथाले स्थानीय संस्कृति, भौगोलिक पर्यावरण तथा सीमान्त वर्गको दयनीयता र विवशतालाई प्रतीकात्मक अर्थमा अभिव्यञ्जित गरेका छन् भने अन्य कथा सङ्ग्रहमा सङ्गृहित यथार्थ भ्रम, भर्जिन कथा, मुक्ति, श्रीमान् वीरबहादुर, साइबर सेक्स लगायतका अधिकांश कथाहरूले आञ्चलिकताको परिवेशमा नवीनतम उत्तरआधुनिक प्रवृत्तिहरूलाई पनि अङ्कन गरेका हुनाले यिनलाई आञ्चलिकताका बहुलवादी अवधारणाहरूमा अध्ययन विश्लेषण गर्न सकिन्छन् । सुदूर पश्चिममा सेती, महाकाली, कर्णाली भेगका पहाड र तराईमा बोलिने विविध भाषिकाहरूको प्रयोग, लोकसंस्कृति, विश्वास, रहनसहन आदिका सजीव चित्रण आदि आञ्चलिकताका अभिलक्षणका रूपमा आएका छन् ।

**ऐनाका कथाहरूमा आञ्चलिकताको प्रयोग**

साहित्यिक विधाका समीक्षा गर्ने शास्त्रीय विधातात्त्विक आधारका साथै विभिन्न सैद्धान्तिक अवधारणाहरू प्रचलित छन् । आञ्चलिक कथामा अवयवहरूका साथै तिनमा लोकजीवन, लोकसंस्कृति, जनजातीय मिथक, सामाजिकता आदि जस्ता तत्त्वहरूको पनि प्रयुक्ति हुन्छ । यिनै विविध अभिलक्षणका सापेक्षतामा रामलाल जोशीको ऐना कथाकृतिको आञ्चलिकताको अध्ययन गरिएको छ । यसमा आञ्चलिकताको अध्ययन गर्ने विभिन्न आधारमध्ये कथाको अन्तर्वस्तु, तिनमा प्रयुक्त पात्रविधान/नामकरण, परिवेश चित्रण तथा भाषिक प्रयोगमा आञ्चलिकताको प्रयोग केकसरी भएको छ भन्ने आधारमा विश्लेषण गरिन्छ ।

**अन्तर्वस्तुमा आञ्चलिकता,**

कथा विधाको प्रमुख संरचनात्मक अवयवका रूपमा अन्तर्वस्तु रहेको हुन्छ । घनश्याम ढकाल (२०६९) ले वस्तु निर्माण गर्ने मौलिक तत्त्व वा प्रक्रियाहरूको कुल योगलाई साहित्यको अन्तर्वस्तुका रूपमा व्याख्या गर्दै सिर्जनाका आधारभूत तत्त्वहरू वस्तुगत पक्ष र आत्मगत पक्ष मिलेर अन्तर्वस्तु बन्ने तथा विषयवस्तु, रूप र अन्तर्वस्तुबीच अन्योन्याश्रित सम्बन्ध रहेको उल्लेख गरेका छन् । आञ्चलिक कथामा निश्चित स्थानविशेष वा अञ्चलका जनजीवन तथा तिनका मौलिक रीतिथिति, रहनसहन, चालचलन, संस्कार, संस्कृति आदि अनेक पक्षहरू विषयवस्तुका रूपमा आउँछन् । कतै यस्ता सूक्ष्म वा स्थूल पक्षहरू स्थानिक वा आञ्चलिकताको मुख्य परिचायक

भएर आएका हुन्छन् भने कतै ती स्थानिक वा आञ्चलिक क्षेत्रका जातजातिका अलग पहिचानका अभिलक्षणका रूपमा पनि चित्रित हुन्छन् । कुनै निश्चित आञ्चलिक परिवेशमा प्रायः घटित हुने घटनाहरू र त्यस स्थानका समुदायका रहनसहन र जीवनशैलीले पनि आञ्चलिक कथामा अन्तर्वस्तुको स्वरूप प्राप्त गरेका हुन्छन् । आञ्चलिक कथामा रहने यस्तो अन्तर्वस्तु मूलतः सुदूर ग्रामीण भौगोलिक, सामाजिक-सांस्कृतिक परिवेशबाट ग्रहण गरिएका हुन्छन् जसलाई लेखकद्वारा आत्मगत पक्षको संमिश्रण गरी ग्राह्य बनाइएको हुन्छ । ऐनाभित्रका कथाहरूमा अन्तर्वस्तुका रूपमा रहेका आञ्चलिकताका केही साक्ष्यहरू यसप्रकार छन् :

क. "गाउँका बुढापाकाहरू डाँडापाखामा इजर काट्न गएका हुन्थे । डाँडापाखाका ससाना रूख, झार र बुटाहरू फाँडफुँड गर्थे । उजाड बनाएपछि त्यसैमा गहत र मास छर्थे । हामी घरमा इजर काट्न थाल्यौँ । ...रूपा र म मिलेर असारका दुई कान्ला मकै स्वाहा ।" (खेल ८)

ख. "महिनाभरि सुँगुर बँगुरको मासु खानु, ढिक्री पकाउनु, मुसाको चट्नी खानु, घोंगी चुस्नु र ऋण गरेर भए पनि जाँड रक्सी पिउनु उनीहरूो जीवनशैली हुन्थ्यो माघमा ।" (पर्दा ४०)

ग. "छ जना भूतजस्ता पापीघाटका खतुकीहरू आएका थे रे । दिउँसो मसानी डाँडामा लीलालाई भेटेर 'तिम्रो लोग्ने छैन, कसरी जिन्दगी काट्छ्यौ ? हिंड मसँग पोइल' भनेर एक बन्तोलाले भनेछ । रिसले लीलाले आँसीले टाउकोमा हिर्काई अरे । रगतका धारा लागेछन् अनि सँगै आएका अरू ६ जनाले हाखुट्टामा पटुकीले बाँधेर डोलीमा हालेर लगे अरे ।" (पापीघाट ५९)

घ. "हटारूहरू थकित भन्दा बढी उदास भएर पेटीमा तमाखुको धुँवा उडाउँदै थिए । लाग्थ्यो, जिन्दगीको अर्थ तमाखुको धुँवासँगै उड्नु हो । जुगुने खोलाको पानीसँगै बग्नु हो । माइलीमाँ कोहोलो हालेर आँखाबाट बग्दै थिइन् । लाग्थ्यो, जिन्दगी आँसुमा बग्नु पनि रहेछ ।" (मध्यान्तर, ६४-६५)

ङ. "तीन वर्ष मगरकी स्वास्नी भएर बसेँ । दुई वर्षअघि आफ्नै जातकी तरूनी मगर्नीसँग बिहे गऱ्यो मगरले । तँ दमिनी रैछेस्, मेरो घरबाट गैजा भनेर निकालिदियो त्यसले । ...सेती दमिनीले मेरो केही व्यवस्था गरिपाऊँ भनेकी छे भनेर लेखिदिनुहोला हजुर ।"(सेतीको सुस्केरा, ८७)

च. "जिन्दगीको कस्तो अप्रिय सत्यसँग साक्षात्कार गर्न पुगेँ म, जहाँ श्रीमान् श्रीमतीका लागि ग्राहक खोज्छ, जहाँ बाबुले छोरीको शरीर लुट्न् मान्छे खोज्दै हिंड्छ, जहाँ छोराले आमाको शरीर बेच्छ, जहाँ आमाले अबोध छोरीको कुमारीत्व लुटाउँछे ।" (भर्जिन, ११६)

छ. "सदियौंदेखि अखण्डित र अन्योन्याश्रित रही भाइचारामा बाँचेका थारू पहाडीको सुमधुर बान्धव्य सम्बन्धमा तिक्तता र बैरित्वको यो कस्तो आँधी उठ्दै छ ? कसले यो आगो सल्काइदियो ?" (दियो जलिरहेछ, १५६)

ज. पुलिसकै आवाज दिएर पुलिस बोल्यो-"बाजे, चुरेको संरक्षणका लागि सरकारले खुटियाबाट रोडा, बालुवा र ढुङगा निकाल्न प्रतिबन्ध लगाएको छ । अब तपाईंहरू अन्त जानुस् । यहाँ प्रतिबन्ध छ (खुटियाको काख, १७२) ।"

उपर्युक्त साक्ष्यहरूमा आएका आञ्चलिकताका अन्तर्वस्तुहरू विभिन्न प्रकारमा आएका छन्, जसमध्ये (क)मा पहाडी ग्रामीण जनजीवनको इजर(खोरिया) फाँडेर खेतीपाती गर्ने जीवनप्रणाली र त्यसैको अनुकरण गरी बारीका मकैबाली स्वाहा पार्ने निश्छल बालमस्तिष्कको अबोध क्रियाकलापका बारेमा प्रस्तुत गरिएको छ । त्यस्तै (ख)मा

पश्चिम तराईका ग्रामीण मुक्त कमैयाहरू ऋणधन जे गरेर भए पनि माघी चाड महिनाभरि हर्षोल्लासपूर्वक मनाउने थारूबस्तीको सामाजिक जीवनसंस्कृति कथाको अन्तर्वस्तु बनेको छ भने (ग) को साक्ष्यले विकट सुदूर पश्चिमका गाउँका महिलाहरूलाई जबर्जस्ती हरेर लैजाने तथा अनेक उत्पीडन दिने र यौनशोषण गर्ने राक्षसी प्रवृत्ति र नारी सुरक्षालाई पापीघाटका पुरुषहरूको अत्याचारलाई कथामा उतारिएको छ भने (घ) मा अशिक्षा र अज्ञानताका कारण पापको रूपमा कुष्ठरोगीहरूलाई परिवार तथा समाजले हेयको दृष्टिले हेर्ने र जिउँदै खोलामा बगाइदिने वा एकलास जङ्गलमा लगेर छाड्ने अन्धविश्वासी कुसंस्कार लोकविश्वास वा परम्पराका रूपमा रहेको पक्ष र जीवनको यथार्थता लेखकीय अन्तर्दृष्टि कथाको कारूणिक अन्तर्वस्तुका रूपमा आएको छ । अर्को साक्ष्य (ङ) समाजमा कथित ठूला भनिनेहरूका यौन परितृप्तिका लागि कथित तल्लो जातका नारीको शरीर चल्ने तर घरजम गर्न जातलाई तगारो देखाई अलपत्र पार्ने मनोवृत्तिबाट व्याप्त रहेको जातीय विभेदका कारण प्रताडित एउटी नारीको पीडा मात्र नभई यो जातीय, वर्गीय, लैङ्गिक समस्या पनि कथाको विषय बनेको छ । त्यसरी नै साक्ष्य(च) मा नारीहरूको शरीर यौन व्यवसायका निम्ति मेसिनझैँ ठान्ने र देहव्यापारलाई आयआर्जनको स्रोत बनाउने सुदूरपश्चिमका बादी जातिको विवशतापूर्ण जीवनशैलीको चित्रण छ, जहाँ आफ्नै आमाबाउले छोरीका लागि, दाजुभाइले दिदीबहिनीका लागि, लोग्नेले स्वास्नीका लागि र छोराले आमाका लागि आफैँ ग्राहक खोजेर ल्याइदिने र कलिला बालिकालाई जबर्जस्ती यौन पेसामा धकेल्ने अमानवीय क्रियाकलापलाई पनि स्वाभाविक ठान्ने प्रथा सभ्य मानव समाजका अगाडि चुनौतीका रूपमा रहेको गम्भीर समस्यालाई भर्जिन कथामा देखाइएको छ । यसैगरी (छ) कथांशले केही स्वार्थी तत्त्वहरूले युगौंदखि मिलेर बसेको समाजमा क्षेत्रीय, जातीय सद्भाव बिथोलेर विद्वेष् फैलाई आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न भड्काइएको हिंसात्मक गतिविधिले क्षणभरमै निम्त्याएको नरसंहार र विनाशकारी थरूहट आन्दोलनको कैलाली घटनालाई प्रस्तुत गर्दै भाइचारा र एकताको अभियानमा विभिन्न समुदायका नारीहरूको सक्रियताको प्रशंसा गर्दै शान्ति र सदभाव नेपालीको पहिचान भएकोमा जोड दिइएको छ । साक्ष्य(ज) विपन्नताले घेरिएका सुकुम्बासी मानिसहरू जो कष्टपूर्ण तरिकाले खुटिया खोलाको किनारमा गिटी कुटेर र मान्छे जलाएका कोइलालाई बेचेर आफ्नो जीवनयापनको आधार बनाइरहेका छन्, तिनलाई सरकारले सहयोग गर्नुको सट्टा उल्टै चुरे संरक्षणका नाममा गरिबको उठीबास लगाउने प्रवृत्तिको कहालीलाग्दो चित्र अभिव्यञ्जित भएको छ । यसरी माथिमा उद्धृत कथांशहरूबाट यिनमा सुदूर पश्चिमका ग्रामीण जनजीवनका जीवनशैली, लोकव्यवहार, विश्वास, गरिबी, संस्कारका रूपमा प्रश्रय दिँदै आएका अनेक कुरीति , अन्धविश्वास, अबोध बालक्रिडा, नारी समस्या, लैङ्गिक हिँसा, सुकुम्बासी समस्या आदिजस्ता विभिन्न पक्षहरूलाई लेखकीय आत्मबोध तथा शिल्पशैलीका माध्यमबाट अन्तर्वस्तुका रूपमा प्रयोग गरिएका छन् । यिनै विषयका अन्तर्बाह्य संयोजनबाट संरचित ऐना कथासङ्ग्रहको कथाहरूका अन्तर्वस्तुमा आञ्चलिकता रहेको प्रष्ट हुन्छ ।

**पात्रविधान/नामकरणमा आञ्चलिकता**

कथामा पात्रविधान, पात्रको नामकरण र स्थानको नामका आधारमा पनि आञ्चलिकतालाई अभिव्यञ्जित गरिएको पाइन्छ । कथामा कुन पात्रविशेषका साथै स्थानविशेषका नामहरू प्रयोग भएका छन् र तिनले कसरी प्रतिनिधित्व गरेका छन् भन्ने त्यस रचना कृतिमा आञ्चलिकताको निर्क्योल गर्न सजिलो हुन्छ । आञ्चलिकताले ग्रामीण जनजीवनका पात्रगत र स्थानगत नामाकरणले मौलिकतालाई समेट्ने हुनाले यी पक्षहरू ऐनाभित्रका कथाहरूमा उपस्थित छन् भन्ने साक्ष्य सेतीको सुस्केरा, कालीको गीत, श्रीमान् वीरबहादुर, श्रीमती जुगुनीदेवी, खुटियाको काख, पापीघाट जस्ता कथाहरूको शीर्षकीकरण व्यक्ति/पात्र तथा स्थानका नामबाट गरिएका छन् । सेती र कालीले सङ्केत गर्ने द्वयर्थक सुदूर पश्चिम र त्यहाँका स्थानिक परिवेश वा व्यक्तिका अत्यधिक नामहरू

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46141


आञ्चलिक रूपमा आएका छन् अनि वीरबहादुर चौधरी र जुगुनीदेवी थरूनी तराई क्षेत्रका व्यक्तिहरूका नामबाट नै शीर्षक चयन गरिएकाले पनि कथामा आञ्चलिकताको अभिव्यञ्जना थाहा हुन्छ । त्यसैगरी कथामा प्रयुक्त पात्रका यस्ता कतिपय नामहरूका स्थानिक उच्चार्य रूपबाट पनि आञ्चलिकता झल्किन्छ । हिमाल, पहाड, तराई, पूर्व, पश्चिममा आफ्नै निजत्वपूर्ण कुनै व्यक्तिवाचक नाम गोरे, भीमे, खन्टी, धौली, डाङ्रे, च्यान्टे, जैभाने शब्दको क्षुद्रताबोधक शब्द पहाडिया ग्रामीण परिवेशमा प्रचलित हुन्छन् भने थारू समाजका नामहरू देशीराम, चुन्नुलाल, पल्टु, फिरूलाल, भजनलाल, बंशराम बढी व्यवहृत भएको पाइन्छ । पहाडी क्षेत्रका फूलमाया, सीता जस्तै तराई क्षेत्रका फुलमती, सीतारमती यस्तै स्थानिक वा आञ्चलिक नामका उच्चार्य रूपका नमुना हुन् । त्यसैगरी कथामा चित्रित स्थानवाचक नाममा पनि टीकापुर, सेती, काली, कर्णाली, गौरीफन्टा, पीपलडाँडा, कोल्टी, सेती, महाकाली, कर्णाली, मोहना, बाजुरा, नैनादेवी मन्दिर आदि स्थानवाचक तथा नदीका नामहरू आदिले पनि आञ्चलिकतालाई जनाउँछन् तापनि यस्ता नामहरूको सामान्य प्रयोगमा मात्र आञ्चलिकता झल्किँदैन । समकालीन नेपाली कथामा प्रयुक्त यस्ता नामहरूको पात्रविधान/नामकरण र स्थाननामको प्रयोगका आधारमा ऐना कथासङ्ग्रहका कथामा आञ्चलिकतालाई निम्न साक्ष्यहरूमा प्रस्तुत गरिएको छ :

क. "शान्ति, लीलावती, मालती, च्यान्टे, जैभाने, गोरे, सबैजना उफ्रेर कराउँथे- "चिलगाडी मेरो बाबा ल्याइदे ! चिलगाडी मेरो बाबा ल्याइदे ! (खेल ७) ।"

ख. "पौडी खेल्दाखेल्दै एकदिन राजा उदय रानीखोलाको तालबाट निस्कन सकेन । रङ्गमञ्च २६)"

ग. "धारेखोला पनि पापीघाटमै मिसिन्छ । यताबाट सेती, उताबाट कर्नाली मिसिएपछि अझ उँधो पापीघाट आउँछ अरे, हामी त्यही जाऊँ है ? (पापीघाट ५५) ।"

घ. "सात वर्षअघि लिस्नेडाँडाका जेठाबाजेलाई प्याउटे काकाले सेतीमा बगाएको घटना पनि ताजै थियो (मध्यान्तर ६६)"

ङ. "साँफेबगरमा म गोरेकी श्रीमती भएँ । अब सेतीमा फाल हाल्ने मन थिएन (सेतीको सुस्केरा ८४)।"

च. "बाटुलेचौरको रातामाटोमा ऊ गट्टा खेल्दैछे कि ? अथवा विवाह गरेर पहाडको ढुङ्गामाटोसँग पौंठेजोरी खेल्दै छे कि ? खै कहाँ के गर्दैछे कोइली रोकाया ? (.एउटा भोकको अन्त्य १००) ।"

छ. "मुडाबजारको ठूलो सिमलको रूखनेर आमाको सानो पसल थियो । ठकुरी राजा डेली त्यही बसेर याक चुरोट खानुहुन्थ्यो (भर्जिन ११३) ।"

उपर्युक्त साक्ष्यहरूमा विभिन्न प्रकारका व्यक्ति/पात्रका नाम तथा स्थाननामहरू प्रयोग भएका छन् र तिनले आञ्चलिकताको प्रतिनिधित्व पनि गरेका छन् । पहिलो साक्ष्यमा सुदूर पश्चिमका पहाडी भेगका विभिन्न नामका बालपात्रहरूका साथै उनीहरूले हवाइजहाजलाई चिलगाडी भन्दै परदेसिएका आआफ्ना बाबालाई घर ल्याइदिन आग्रह गरेका छन् । अर्को साक्ष्य (ख) मा साथीहरूमाझ राजा बनेर अभिनय गर्ने उदय नामक बालक पौडी खेल्न पसेको रानीखोलाबाट ननिस्केको वर्णनले गाउँघरमा कतिपय बालबालिकाले अकालमा ज्यान गुमाउनु पर्दाको अवस्था चित्रणले संसार एउटा रङ्गमञ्च बनेको छ । साक्ष्य (ग) मा धारेखोला, पापीघाट, सेती, कर्णाली जस्था स्थानको नाम रहेका छन् भने (घ) मा आएका लिस्नेडाँडा, जेठाबाजे, प्याउटे काका र सेतीजस्ता व्यक्तिचरित्र र स्थानका नामले त्यहाँका क्षेत्रविशेषलाई सङ्केत गरेका छन् । त्यसैगरी (ङ) मा साँफेबगर, गोरेकी श्रीमती, सेती जस्ता स्थाननाम तथा व्यक्ति नामको उल्लेख भएको छ भने बाटुलेचौर, रातामाटा, पहाड, कोइली रोकाया आदि नाम आएका (च) साक्ष्यमा रहेका छन् । यसरी नै अर्को साक्ष्य (छ) मा मुडाबजार, सिमलको रूख, आमा, ठकुरी

राजा स्थान तथा पात्रका नामहरू उल्लेख रहेका छन् । यसरी उपर्युक्त उदाहरणहरूले विशेषतः पहाड तराईका विभिन्न स्थान एवम् पात्रका नामका माध्यमबाट नै ती क्षेत्रका विविध लोकजीवनका अवस्था र समस्या प्रस्तुत गरिएको छ । यिनै आधारमा ऐना कथासङ्ग्रहका कथाहरूले आञ्चलिक विशेषता रहेको स्पष्ट हुन्छ ।

**परिवेश चित्रणमा आञ्चलिकता**

कथामा प्रयुक्त देश/स्थान, काल र परिस्थितिको समष्टि स्वरूप परिवेश हो । आख्यानमा कार्यव्यापार हुने र घटना घटित हुने स्थान, समय आदि वस्तुजगत्लाई परिवेश भनिन्छ (शर्मा ३५३) । स्थानिक-आञ्चलिक परिवेशसँग सम्बद्ध भएर अन्य विभिन्न आञ्चलिक तत्त्व र पक्षहरू कथामा आएका हुन्छन् । कथामा भौतिक पर्यावरणका रूपमा आउने स्थानिक परिवेश, कालिक परिवेश र पारिस्थिक परिवेशलाई महत्त्वपूर्ण मानिन्छ भने यिनै परिवेशद्वारा सिर्जित पात्रका मानसिक परिवेश पनि कथामा चित्रित हुन्छ । यी विभिन्न किसिमका परिवेशको कथामा उत्तिकै महत्त्व रहने भए पनि आञ्चलिकता वा आञ्चलिक कथाका सन्दर्भमा कालिक र पारिस्थितिकभन्दा स्थानिक परिवेश नै सर्वाधिक महत्त्वपूर्ण हुन्छ । स्थानिक परिवेश चित्रणमा निश्चित स्थानविशेषको वर्णन वा चित्रण मात्र नभएर त्यस स्थानको वा आञ्चलिक परिवेशभित्र सन्दर्भित भएर विभिन्न जातजाति, तिनका धर्म, संस्कार, संस्कृति, रीतिस्थिति, विश्वास, धारणा, आस्था, मूल्य र मान्यताहरू आएका हुन्छन् साथै त्यसमा संस्कृतिका अन्य मौलिक पक्षहरू पनि समाहित हुन्छन् । स्थानिक वा आञ्चलिक भूगोलको स्थूल चित्रणदेखि लिएर सूक्ष्म रूपमा उपर्युक्त पक्षहरूको चित्रणसमेत हुने भएकाले आञ्चलिक कथाको परिवेश व्यापक हुन्छ । समकालीन नेपाली कथामा स्थानिक आञ्चलिक परिवेश चित्रणलाई अभिव्यञ्जित गर्ने केही साक्ष्यहरू निम्नानुसार रहेका छन् :

क. "सागिने बेंसीको फाँटमा ठूलो कालीसाजको रूख छैन । राजाखेल खेल्ने चौतारो खण्डहरमा परिणत भएको छ । जुन ठाउँमा हाम्रो बालराज्य थियो, त्यो सागिने बेंसीको ठूलो फाँटमा पशु हाटबजार लाग्ने गरेको छ ( रङ्गमञ्च २७) ।"

ख. "भलमन्साले निर्णय सुनाएपछि फुलमतीको ...चोखाउनी भनेर बैदार काकाले सत्र सय रूपैया तिरे । फूलमती चोखिएर जालीरामकै जन्नी भई । जालीरामले जाँड खुवायो, जवान लड्काहरूलाई । यस घटनाले शिर तल गरेर हिड्नु पर्ने भयो, बैदार काकाले (पर्दा, ४५) ।"

ग. "पापीघाट, त्याँ तल उँधो मधेस जाने बाटोमा पर्छ । सेती र कर्णाली त्रिवेणीमा मिसिएपछि भयङ्कर ठूलो घाट मदेसतिर बग्छ । ठूलीगाडभन्दा अझ उँधो गएपछि पापीघाट आउँछ । त्यो त पापीहरू जाने ठाउँ हो ( पापीघाट,५५) ।"

घ. सेती दमिनी सडक छेउमा उभिएर सुस्केराहरू सुसेल्दै भनिरहेकी थिई- मेरो कुरा सरकारलाई सुनाइदिनुहोला हजुर ! सुकुम्बासीका दुःख पनि त्यो फाराममा लेखिदिनुहाला । पुलिसले सुकुम्बासीका झुप्राहरू जलाएको कुरा पनि फाराममा लेखिदिनुहाला ! सेतीको सुस्केरा ८७) ।"

ङ. "पुलमाथि उभिएरै पिठ्युँको बच्चालाई पटुकाले कसी । आफैंतिर हेरिरहेकी छोरीको टाउको मज्जाले सुम्सुम्याइ । बालकहरूलाई काखमा च्यापेर मजाले चुम्बन गरी । हेर्दाहेर्दै कोइलीले पुलमाथिबाट मदोन्मत्त मोहनामा हाम फाली, झ्वाम्म (एउटा भोकको अन्त्य १०७) ।"

च. "महिनौं भयो, आन्दोलनको आगो सडकमा सल्किएको । पूर्वमा संघीयताको मिर्मिरे सुरू हुँदै थियो । चराहरूको घाँटी खसखस हुँदै थियो । पश्चिममा जातीय द्वैषको राग फैलिदो थियो । थरूहट राज्यको माग गर्दै

थारूहरू आन्दोलनमा थिए । अखण्ड सुदूर पश्चिमको माग गर्दै राना र पहाडीहरू आन्दोलनमा थिए (एउटा दियो जलिरहेछ १५७) ।"

छ.. कलिला आँलाहरू थिचिएर रगताम्मे भएका छन् । खुट्टा फाटेका छन् । लुगा फाटेर कसैका घुँडा, कसैका कुइना र कसैका पेट देखिएका छन् । ...कठै अवस्था हेर्दा खुटियामा पानी होइन आँसु बग्छ ।...होइन पढ्नु पर्दैन ?...तपाईंले भनेर हुन्छ ? हाम्रा बाआमाले पनि भन्नुपऱ्यो नि । खानु पर्दैन हामीले ? खानु पऱ्यो नि ( खुटियाको काख १६४) ।"

**भाषिक प्रयोगमा आञ्चलिकता**

आञ्चलिकतालाई अभिव्यञ्जित गर्ने अर्को महत्त्वपूर्ण पक्ष भाषिक प्रयोग हो । समकालीन नेपाली कथामा आञ्चलिकताको अभिव्यञ्जना सबैभन्दा बढी भाषिक प्रयोगका माध्यमबाट भएको देखिन्छ । यस्तो भाषिक प्रयोगका विविध स्वरूपहरू देखिन्छन् । तत्स्थानिक क्षेत्रमा प्रचलित भाषा भाषिकाको प्रयोग र तत्स्थानिक कथ्य रूपको प्रयाग भई कथामा प्रयुक्त भाषाले समेत स्थानीय जातीय मौलिकता, संस्कार, रीतिस्थिति आदिलाई प्रतिबिम्बित गर्छ भने त्यसलाई कथाको भाषिक प्रयोगमा आञ्चलिकताका रूपमा विश्लेषण गर्न सकिन्छ । कथामा स्थानिक भाषिक प्रयोगका दुई स्वरूप देखिन्छन् । एउटा रूपमा कथाकार स्वयंले आफू समाख्याता बनेर तत्स्थानिक भाषा (शब्द, पदावली, वाक्य आदि) को प्रयोग गरेको हुन्छ भने अर्को रूपमा कथामा प्रयुक्त पात्रहरूले बोल्ने संवादमा त्यस किसिमको भाषिक प्रयोग गरिएको हुन्छ । यस्तो भाषिक प्रयोगका दृष्टिले ऐना कथासङ्ग्रहका कथाहरूमा विभिन्न क्षेत्रका भाषाभाषिका र जातीय भाषाभाषिकाका रूपमा देखिन्छ । सुदूरपश्चिमाञ्चल प्रदेशको तराईका बाँके, बर्दिया, कैलाली र कञ्चनपुरतिर बोलिने थारू तथा मिश्रित भाषिका तथा कालिकोट, बाजुराका स्थानीय भाषिकाका प्रयोक्ता उपस्थित गराएर कथामा सो भाषा प्रयोग गर्नु प्रादेशिक-आञ्चलिक भाषिक प्रयोग हो । त्यस क्षेत्रमा रहने विभिन्न जातिहरूका भाषाभाषिकाका प्रयोक्ता कथामा उपस्थित गराएर कथामा ती भाषा प्रयोग गर्नु जातीय आञ्चलिक भाषिक प्रयोग हो । थारू, राउटे आदि जातिहरूका जातीय भाषिक प्रयोगका साथै डोटेली, बाजुरेली भाषिका यसका उदाहरण हुन् ।

क. राउटेको मुखिया जङ्गियो –" लौ कस्तो कुरा हऱ्याको तुमीले । राजा काठमान्नुमा छ । बोटको राजा भन्याको मुई हो । मुकन तमीको भन्न्या केइ पन छैन । जङ्गल मुइले जति काट्या पन मेरो मर्जी हो ( रङ्गमञ्च, २५) ।"

ख. "ल हजुर, यो दबा लिनुस् । यो दबाले दिमाग खराब भएको...टेन्सन भएको दूर गर्छ हजुर, यो दवाले मान्छीलाई तन्दुरूस्त बनाइहाल्छ (रङ्गमञ्च,२८) ।"

ग."कहाँ जाइ लग्ले हसिना ? घर कहाँ हो तोर ?।"

"बजार खेले गिल्रहुँ दादा अब घरे जाइटु । तुँ कहाँ जाइलग्लो ? चलो दादा हमार घर,आज यही बैठोआज तुँ नाइजा पाइबो, जन्लो ?" (पर्दा, ३७) ।... "एइ, लौटन, बात् त सुन जरा । तेरो सौकी र रिन आजदेखि मिनाहा गर्दिएँ मैले बुझिस् । अब् ओ धान फे नातिरिस् महिन् बुझ्ले बात् ? (पर्दा ४२) ।"

घ. "अरे रौतेला म त बम्बै जाऊँ भनेर आया हुँ, अब काँ घर फर्किने ? हजुर पनि पढाइमा लाग्या मान्छे । नजाइबक्स्योस् पहाड (पापीघाट, ५८) ।"

ङ. “ओ मेरा बाज, बालख छोराको माया लागोइन कि ? मेरा बाज, पहाडको मर्द भई नजन्मनू, मदेशको बल्ल भई नजन्मनू । लायाको बिस्तारामनि पुतलीका भेष आइजानू (मध्यान्तर ६५) ।”

च. “गोसी मैलाई जन्माउने भगवान्को मेरैजसो अपुताली होइ जाऊ । यै महाकालीमी आग लगिजाऊ । यै धर्तीमी चिड्को परिजाऊ (कालीको गीत ९६) ।”

छ. “कठै हजुर ! क्या भनूँ हालखबर ? सास झुन्ड्याके छ । बा मर्‍याका तीन बर्स भैगया । आमा पन बिरामी छन् । खोजूँ भन्या बेसा मिल्दैन, गाँस छैन । मरूँ भन्या काल लिनैन, बाँच्नलाई आश छैन । यसै छ हजुर, दुखारीको जीवन क्या हुँदो हो ? आलु खाइकन बाँच्याका छौँ । सरकारले चामल दिन्या हो भन्या सुनेर आएकी हुँ । चारगेडा चामल मिल्न्या हुन् कि हजुर ? एउटा भोकको अन्त्य १०२) ।”

उपर्युक्त साक्ष्यहरूलाई विश्लेषण गर्दा ऐना कथासङ्ग्रहका विभिन्न कथाहरूमा क्षेत्रविशेषका र जातजातिका भाषाभाषिकाहरू अत्यधिक प्रयुक्त भएको देखिन्छ । यसमा उद्धृत (क) साक्ष्यमा आफूलाई वनको राजा मान्ने नेपालको लोपोन्मुख जातिका रूपमा रहेका घुमन्ते राउटेहरूले प्रयोग गर्ने नेपालीको भाषिकाको स्वरूप रहेको छ भने काठमान्नु, तुमी, हऱ्याको, मुई, मुकन आदि शब्दले स्थानीय लबज प्रस्तुत गरेका छन् । अर्को (ख) मा तराईका अन्य भाषीले बोल्ने मिश्रित नेपालीले अर्को भाषाको छनक दिएको छ भने साक्ष्य (ग) मा कैलालीतिरको स्थानीय थारू जनजातिका भाषाको साथै अर्को उद्धृतांशले थारू समुदायसँगै बसोबास गर्ने पहाडिया जनजिब्रोले बोल्ने भाषिक भेद प्रष्ट रूप देखाएको छ । त्यस्तै (घ)मा गाउँ नफर्कन आग्रह गर्दै सुदूर पश्चिमका खसठकुरी पुरुषले प्रयोग गर्ने आदरार्थी भाषिक स्वरूपले स्पष्ट आञ्चलिकताको पहिचान दिएको छ साथै (ङ) को कथनले कर्णाली भेगमा बोलिने भाषिक रूपका माध्यमबाट एउटी कलिली नारीको पति वियोगको विरह वेदनाको कारूणिक अवस्था प्रकट गर्नुका साथै त्यस क्षेत्रमा कोढ लागेका मान्छेलाई रोग सर्छ भनेर जिउँदै खोलामा बगाइदिने वा अनकण्टार जङ्गलबीच छोडिदिने अन्धविश्वासी चलनको उजागर गरेको छ । यसरी नै (च) साक्ष्यमा प्रयुक्त भाषिक रूपले पनि सेती प्रदेशतिर बोलिने भाषाको माध्यमबाट आफ्ना सबै जहानपरिवार सेतीको बाढीले बगाएर लगेपछि बिचल्लीमा परेर विक्षिप्त बनेकी नारीको आलापविलाप तथा मर्मस्पर्शी क्रन्दनलाई अभिव्यक्त गरेको पाइन्छ भने (छ) उद्धरणले पनि बाजुराको भाषिक स्वरूप प्रस्तुत गर्दै त्यसका माध्यमबाट विपन्न ग्रामीण नारीको दुःखदर्दको अथाह पीडा व्यक्त गरेको छ, जुन नारी केही समयअघि कलिला बालबच्चा र बूढी रोगी सासूका खातिर सरकारी राहतको चामलको खोजीमा कैयौं दिन धाएर सदरमुकाम आएकी हुन्छे, पछि उही गरिबीको मार र भोकमरीको पीडा खप्न नसकेर चार अबोध छोराछोरीसहित मोहना नदीमा हाम फालेर भोकको अन्त्य गर्न विवश भएकी छ । कोइरी रोकाया नेपालको विकट पहाडी भेगका भोकमरीले सताइएका र राज्यको दृष्टिबाट उपेक्षित कैयौं गरिब मानिसहरूको आञ्चलिक प्रतिनिधि बनेकी छ ।

प्रस्तुत ऐना कथासङ्ग्रहका प्रायः कथाहरूमा आञ्चलिक भाषाका विभिन्न स्वरूपको प्रयोग रहेको माथिका विभिन्न उद्धरणहरूबाट प्रष्ट हुन्छ । त्यस भेगका पहाडी इलाका सेती, काली र कर्णालीका वरपर अनि तराईका निश्चित क्षेत्रमा बोलिने विविध भाषाभाषिकाको सरल, सहज प्रयोगबाट लेखकीय दक्षता र भाषिक ज्ञानका साथै त्यस क्षेत्रका जनजीवनका बोलीलाई आत्मसात् गरेर प्रस्तुत गर्ने प्रवृत्तिले कथालाई आञ्चलिकताको विशिष्ट नमुना बनाएको छ । ओझेलमा परेका क्षेत्रविशेषका पर्यावरण तथा भाषालाई समेटेर त्यहाँको वास्तविकताको स्पष्ट प्रतिबिम्ब उतार्न यी कथाहरू सफल रहेका छन् ।

**निष्कर्ष**

आञ्चलिकता भनेको क्षेत्रविशेषका जनजीवन, रहनसहन, भाषासंस्कृति, लोकतत्त्व आदिसँग जोडिएर प्रस्तुत हुने वृहत पहिचान हो । प्रस्तुत ऐना कथासङ्ग्रहका कथाहरूमा कथाकार रामलाल जोशीले आञ्चलिकताको प्रयोग कसरी गरेका छन् भन्ने माथिको विश्लेषणमा आइसकेको छ भने कथाहरूमा किन यसको प्रयोग गरे भन्ने सन्दर्भमा लेखक आफ्नो भूगोल, समाज र जीवनबाट कहिल्यै निरपेक्ष रहन नसक्ने हुँदा त्यसको प्रभाव र प्रतिबिम्बन उसले लेखेको साहित्यमा अवश्य नै धेरथोर मात्रामा झल्किन्छ । त्यसैले सुदूर पश्चिमको आफ्नो जन्मस्थल वरपरका भूगोल, प्रकृति, जातजाति, भाषा-संस्कृतिका साथै जनजीवनका सुखदुःखका आरोहअवरोहका साथै विविध समस्याको उत्खनन गर्दै स्थानीय परिवेशलाई चिनाउने उत्कट अभिलाषाका रूपमा नै आञ्चलिकता आएको हो भन्ने देखिन्छ । आफ्नो क्षेत्रप्रतिको लेखकको आत्मीय प्रगाढतालाई कथाका अन्तर्वस्तु, पात्र तथा स्थान, परिवेश एवम् भाषाका माध्यमबाट अत्यन्त सरल ढङ्गले त्यस क्षेत्रको स्थानीय रङमा घोलेर प्रस्तुत गरिएको र कथामा तिनलाई ऐनाले झैँ प्रष्ट चित्र देखाउन सफल भएको छ । आञ्चलिकताका अभिलक्षणहरूका आधारमा यस कृतिको आञ्चलिक सैद्धान्तिक मान्यतानुरूप व्याख्या विश्लेषण गरी तिनको मूल्य निरूपण गर्दै निष्कर्षमा यो ऐना कथासङ्ग्रह केन्द्रको सीमाभन्दा पर सुदूरको आवाजका साथै आञ्चलिकताको विविध अवयवको प्रयोग भएको कथाकृतिका रूपमा नेपाली कथा साहित्यको विशेष प्राप्ति पनि बनेको छ ।

**सन्दर्भसामग्री**


अवस्थी, महादेव., (२०७६), मन्तव्य,. *ऐना.,* बुक हिल प्रकाशन ।

एटम, नेत्र, (२०६१),. समकालीन नेपाली कथा : परिवेश र प्रवृत्ति,. *समालोचनाको स्वरूप.,* साझा प्रकाशन ।

कोइराला, कुमारप्रसाद, (२०६८). *आख्यान विमर्श.* ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद, (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.,* ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद, (२३ फेब्रुअरी २०१७),. समकालीन नेपाली कथामा आञ्चलिकताको प्रयोग, *समकालीन साहित्य,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

जोशी, यज्ञराज, (२०७३ असार२४),. मानवतावादको यथार्थ झल्काउने ऐना,. *नागरिक पश्चिमेली,* नागरिक प्रकाशन।

जोशी, शिवराज, (२०७३ साउन १),. ऐनाका अँध्यारा अनुहार,. *अन्नपूर्ण पोष्ट दैनिक* ।

ढकाल, घनश्याम,. (२०६९), साहित्यको अन्तर्वस्तु,. *राजमार्ग.* वर्ष ४. अङ्क २ ।

पैडेल, एकनारायण, (चैत्र २०७३),. ऐनाका कथाहरूको वस्तुसन्दर्भ र कथाञ्चल,.*गरिमा.* साझा प्रकाशन ।

बानियाँ, राजकुमार, (२०७३ साउन १६), सुदूरका सुस्केरा,. *नेपाल साप्ताहिक* (कान्तिपुर पब्लिकेसन)।

भट्टराई, गोविन्दराज, (२०६४ ),. *उत्तरआधुनिक विमर्श,.* मोडर्न बुक्स ।

शर्मा, मोहनराज, (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना .* ।

सुवेदी, धनप्रसाद,( १७ श्रावण २०७७),. आञ्चलिकता र नेपाली साहित्य,.*नागरिक दैनिक* ।